# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, कार्तिक १६ गते २०२२ साल [ संख्या २८

**श्री ५ को सरकार**

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले जारी गरेको तल लेखिएबमोजिम इञ्जिनीयरिङ्ग निर्माण समिति (गठन) आदेश, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

विकास समिति ऐन, २०१३ (समय समयमा भएका संशोधनहरू सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो आदेशको नाम "इञ्जिनीयरिङ्ग निर्माण समिति (गठन) आदेश, २०२२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः– (१) इञ्जिनीयरिङ्ग निर्माण समिति (यसपछि समिति भनिएको) नामको समिति गठन गरिएको छ ।

(२) यस समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| (क) श्री सचिव, निर्माण सञ्चार तथा यातायात मन्त्रालय | अध्यक्ष |
| (ख) श्री सह–सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) श्री सह–सचिव, आर्थिक योजना मन्त्रालय | सदस्य |
| (घ) श्री इञ्जिनीयर, इन–चीफ, सडक विभाग | सदस्य |
| (ङ) श्री चीफ इञ्जिनीयर, सडक विभाग (निर्माण शाखा) | सदस्य सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

209

(३) श्री ५ को सरकारले समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न आवश्यक र उचित ठानेमा नेपाल गजेटमा सूचना प्रकाशित गरी आदेश दिन सक्नेछ ।

(४) समितिले आवश्यक सम्झेमा यस समितिको सभामा कुनै सम्बन्धित व्यक्ति वा विशेषज्ञलाई सल्लाहकारको रूपमा भाग लिन निमन्त्रण गर्न सक्नेछ ।

३. समितिको कर्तव्य र अधिकारः– (१) समितिको मुख्य कर्तव्य सडक तथा भवन निर्माण र हवाई विकाससम्बन्धी निर्माण कार्य सम्पन्न गर्नु हुनेछ ।

(२) समितिले सडक तथा भवन निर्माण र हवाई विकाससम्बन्धी योजनाहरू (यसपछि योजना भनिएको) बनाई श्री ५ को सरकारको स्वीकृतिको लागि पेश गर्नेछ ।

(३) उप–दफा (२) बमोजिम स्वीकृत योजनाहरू कार्यान्वित गर्दा छिटो छरितो तरीकाले वैज्ञानिक रूपमा कार्य पूरा गर्न देहायका कार्यहरू गर्न सक्नेछः–

(क) उक्त योजना मितव्ययितासाथ सम्पन्न गराउन सोसम्बन्धी आवश्यक आर्थिक तथा प्रशासकीय नियम बनाउने र श्री ५ को सरकारको स्वीकृतिको लागि पेश गर्ने ,

(ख) सम्बन्धित विभिन्न कार्यहरूमा समन्वय ल्याई सुचारुरूपमा निर्माण कार्य सम्पन्न गर्न लगाउने ,

(ग) निर्धारित नीतिको सफलतापूर्वक कार्यान्वयन भए नभएको पूरा रेखदेख गर्ने।

(घ) योजना कार्यान्वित गर्न आवश्यक मालसामान मगाउने वा खरीद गर्ने र सो सामान काममा ल्याउने र कुनै व्यक्तिको बदनियत नभै स्वतः टुटफुट भएमा वा बिग्रेमा लिलाम बिक्री गर्ने वा मिन्हा दिने ,

(ङ) समितिको बजेट तयार पार्ने ,

(च) योजनाको कार्य प्रगतिको वार्षिक रिपोर्ट प्रकाशित गर्ने र साथै सो रिपोर्ट-मा योजनानुसार गरे भएका कार्यहरूको तुलनात्मक मूल्याङ्कन गर्ने ।

(छ) योजना कार्यान्वित गर्न आवश्यक पर्न आएको जग्गाको लगत कट्टी गराउने र प्रचलित कानूनबमोजिम मुआवजा दिने दिलाउने ,

(ज) योजना कार्यान्वित गर्न घर तथा जमीन किन्ने र बहाल तिरेर लिने ।

४. समितिको हिसाब किताबः– यस समितिको हिसाब किताब समितिले निर्धारित गरेको ढांचा अनुसार नेपालीमा (आवश्यक भएमा अंग्रेजीमा समेत) राख्नुपर्नेछ ।

५. लेखापरीक्षणः– समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम जांच्नु, जचाउनु-पर्नेछ ।

६. समितिको निर्णय प्रमाणित गर्नेः– समितिको तर्फबाट गरिने पत्रव्यवहार तथा समितिको निर्णय आदेश र अन्य सबै कार्यहरू समितिको सचिवको सहिछापद्वारा प्रमाणित गरिनेछ ।

७. समितिको अफिसः– यस समितिको अफिस काठमाडौंमा रहने छ ।

आज्ञाले–

सुरेन्द्रराज शर्मा,

श्री ५ को सरकारको सह–सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।